# स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन

# आ.व. २०७६/०७७

स्थानीय राजस्व परामर्श समिति

अन्नपूर्ण गाउँपालिका

माछापोखरी, कास्की

गण्डकी प्रदेश, नेपाल

२०७७ साल असार १ गते

# विषय-सूचि

पेज नं.

१. पृष्ठभुमि ........................................................................ १

२. राजश्वको मौजुदा अवस्थाको विश्लेषण .................................................. २

३. राजस्व नीतिहरु .....................................................................४

४. करका आधारहरु .....................................................................५

५. आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर ...................८

६. आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजश्व रकम ...............८

७. निष्कर्ष तथा सुझावहरु ......................................................................१०.

अनुसूचिहरु ( १ देखि १३ सम्म)

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ । सोही व्यवस्था बमोजिम नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयानुसार साविकका गा.वि.स हर ढिकुरपोखरी, लुम्ले, दाङ्गसिङ, घान्द्रुक, सल्यान तथा भदौरे तामागी गा.वि.स.का १ र २ वडा समावेश गरी अन्नपूर्ण गाउँपालिका घोषण गरिएको छ । अन्नपूर्ण गाउँपालिका साविकका स्थानीय निकायहरु समावेश गरी निर्मित स्थानीय तह हो । स्थानीय तह तीन तहको सरकार मध्ये तल्लो र जनताको नजिकको सरकार हो । सन्निकटताको सिद्धान्तमा आधारित लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने माध्यम हो । स्थानीय तहको अधिकार अनुसूचि ८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने, नेपालको स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता,सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशील रहेको छ ।

नेपालको संविधान बमोजिम तर्जुमा भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति र सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो ऐनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारको पालना गर्दै कार्यपालिकालाई आगामी आ.व.को राजश्व सम्बन्धी नीतिको तर्जुमा गर्न, राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्न, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धी परामर्श उपलब्ध गराउने सन्दर्भमा यस प्रतिवेदन तयार गरिएको छ ।

## २. राजस्वको मौजुदा अवस्थाको विश्लेषण

चालु आ.व.मा आन्तरिक राजश्व संकलनको अवस्था देहाय बमोजिम रहेको छ।

| राजश्वको मौजुदा अवस्थाको विश्लेषण | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | राजस्वको क्षेत्रहरु | गत आ.व. (२०७५/०७६) को यथार्थ रकम | आ.व. २०७६/०७७ को अनुमानित आम्दानी (रु.) | आ.व. २०७६/०७७ को बैशाख सम्मको यर्थाथ आम्दानी (रु.) | आ.व. २०७६/०७७ मा उठ्न बाँकी रकम (रु.) |
| १ | भूमिकर (मालपोत) | | ३०००००० | २४१०६७४.८ | ५८९३२५.२ |
| २ | घर बहाल कर | | ५००००० | ४३५७०८ | ६४२९२ |
| ३ | व्यवसाय कर | | ४०००००० | ३३५५३०० | ६४४७०० |
| ४ | परीक्षा शुल्क | | ५०,००० | ० | ५०००० |
| ५ | सिफारिस दस्तुर | | ३०००००० | १९८४७४९ | १०१५२५१ |
| ६ | व्यक्तिगत घटना दर्ता दस्तुर | | ३००००० | ४७,४०० | २५२६०० |
| ७ | नाता प्रमाणित दस्तुर | | ५००००० | १६१६७५ | ३३८३२५ |
| ८ | नक्सापास दस्तुर | | २५००००० | १३३,५३३ | २३६६४६७ |
| ९ | अन्य मनोरञ्जन कर | | ० | ० | ० |
| १० | पार्किङ शुल्क | | ० | ० | ० |
| ११ | बहाल बिटौरी कर | | १५००००० | ३१,२५० | १४६८७५० |
| १२ | सवारी साधन कर ( साना सवारी) | | १०००००० | ० | १०००००० |
| १३ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | १००००० | ० | १००००० |
| १४ | सम्पत्ति, बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | | १०००००० | ० | १०००००० |
| १५ | पर्यटन शुल्क | | १०००००० | ० | १०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | प्रशासनिक दण्ड जरिवाना र जफत | | ० | | ० |
| १७ | अन्य राजस्व | | ४,०००,००० | ११५३५० | ३८८४६५० |
| | जडिबुटी, कवाडी र जीवजन्तु कर | | | | ० |
| | विज्ञापन कर | | | | ० |
| | प्राकृतिक स्रोत साधन उपयोग कर | | | | ० |
| | सडक मर्मत संभार शुल्क | | | | ० |
| | अन्य विविध राजस्व | | | | ० |
| १८ | अन्य दस्तुर | | ५०,००० | १९६०५२० | -१९१०५२० |
| **जम्मा** | | १,२१,६२,२७६ | २२,५००,००० | १०,६३६,१६० | ११८६३८४० |

उपर्युल्लिखित तालिकालाई विश्लेषण गर्दा गत आ.व. २०७५/०७६ मा कुल आन्तरिक आम्दानी एक करोड एक्काइस लाख बैसठ्ठी हजार दुई सय छयत्तर रुपैयाँ भएकोमा यस आ.व. २०७६/०७७ को बैशाख मसान्तसम्म एक करोड छ लाख छत्तिस हजार एक सय साठी रुपैयाँ अर्थात् कुल लक्ष्य (दुई करोड पञ्चिस लाख रुपैयाँ) को **४७.२७ प्रतिशत** मात्र आन्तरिक राजस्व संकलन भएको छ । बैशाख मसान्तसम्म संकलित आन्तरिक राजस्वको अवस्थालाई विश्लेषण गर्दा लक्ष्यको पचास प्रतिशत राजस्व मात्र प्राप्त हुने देखिन्छ । लक्ष्यनुरुपको राजश्व संकलन नहुनुका प्रमुख कारण देहायासार देखिन्छन् :

- विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) का कारण मुलुकमा लामो समय सम्म लकडाउन रहनु । जसका कारण पर्यटन व्यवसाय तथा अन्य व्यापार व्यवसाय बन्द हुनु, वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा अवरुद्ध हुनु, यातायातको असहजताले करदाताहरु कर तिर्न आउन नसक्नु, ।
- आर्थिक ऐनमा व्यवस्था नगरी पर्यटन शुल्क र सवारी साधन कर (साना सवारी) मा आन्तरिक आन्दानी बिस लाख रुपैयाँ अनुमानित गरिनु ।
- सम्पत्ति, बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर दश लाख रुपैयाँ अनुमान गरिनु तर सो कर असुली सम्बन्धी कार्य अगाडि नबढ्नु ।
- अन्य राजश्व शीर्षकमा धेरै रकम चालिस लाख रुपैयाँ अनुमान गरिनु तर अनुमानित रकमको धेरै कम रकम बयालिस हजार तीन सय पचास रुपैयाँ मात्र प्राप्त हुनु ।
- गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर लगायतको बिक्री तथा निकासीलाई करको दायरामा ल्याउन दुई पटकसम्म बोलपत्र आव्हान भएको तर कसैको पनि बोलपत्र पेश नभएको ।

## ३. राजश्वका नीतिहरु

आ.व. २०७७/०७८ का लागि राजश्व प्रशासन तर्फ निम्नानुसारका नीति तथा कार्यक्रमहरुको अवलम्बन गर्ने :

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्ने ।
- गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । साथै यस गाउँपालिका अन्तर्गत संचालित हाइड्रोपावर कम्पनीहरुले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग गरे बापतको कर गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गर्ने ।
- विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड-१९) बाट सृजित वर्तमान अवस्थालाई ध्यानमा राखी गाउँपालिकाले उठाउने आन्तरिक राजश्व स्रोत तर्फ कर, सेवा शुल्क, दस्तुरका दररेट यथावत कायम गरी सबै करदातालाई समेटी करको दायरा बिस्तार गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरु, एकल तथा विधवा महिलाहरुलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत छुट दिने ।
- गाउँपालिका भित्र सञ्चालित तर गाउँपालिकामा दर्ता नभएका सबै व्यवसायहरुलाई करको दायरामा ल्याउन आ.व. २०७४/०७५ देखि २०७६/०७७ सम्मको जम्मा बक्यौता रकममा लाग्ने जरिवानामा पूर्ण छुट दिने ।
- विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस ( कोभिड १९) का कारण लामो समयसम्म लकडाउन भई पर्यटन व्यवसाय तथा अन्य व्यापार व्यवसायहरु संचालन नभएकोले सम्पूर्ण व्यवसायहरुको आ.व. २०७६/०७७ को बक्यौता रकममा लाग्ने जरिवाना रकममा पूर्ण छुट दिने ।
- गाउँपालिका अन्तर्गत करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने । समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधा रोक्का गर्ने ।
- राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गर्ने । आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाउने ।
- सबै किसिमका पेशा व्यवसाय संचालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदाता मैत्री बनाउने ।

- सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि बनाई सार्वजनिक जग्गामा संचालित सबै किसिमका व्यवसायलाई करको दायरामा ल्याउने ।
- कर संकलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा संकलन गर्न वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन गर्ने ।
- अस्थायी प्रकृतिका हाटबजार तथा मुख्य बजार भित्रको पार्किङ शुल्कलाई उचित व्यवस्थापन गर्न स्थानीय क्लब, टोल विकास संस्था लगायतका संघ संस्थाहरुसँग सहकार्य गर्ने ।
- **"अन्नपूर्ण समृद्धिको लागि नियमित तिरौं कर : तिरेको कर विकास मार्फत फर्किन्छ घर घर"** मान्यताकासाथ प्रत्येक वर्ष सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर संकलन सप्ताह अभियानका रुपमा संचालन गर्ने ।
- गाउँपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिने छ । काम सम्पन्न भएपछि मात्र भुक्तानी दिने गरी पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै बेरुजु शुन्य बनाउन आवश्यक व्यवस्था मिलाउने ।
- स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम आगामी आ.व.हरुमा गाउँपालिकालाई सम्पत्ति कर प्रणालीमा आवद्ध गराइने छ । कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक र उपयुक्त प्रविधिको प्रयोग गरी सूचना प्रविधि मैत्री बनाउने ।

## ४. करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धी व्यवस्थाहरु नै स्थानीय करका आधारहरु हुन् । स्थानीय करका सम्बन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा विभिन्न व्यवस्थाहरु गरिएका छन् । ती व्यवस्थाहरु देहायानुसार छन् :

### क. संवैधानिक व्यवस्था

- आर्थिक अधिकार बमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा आर्थिक कानून बनाउन सक्ने, धारा ५९
- कानून बमोजिम बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने, धारा २२८
- स्थानीय तहले छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी कर लगाउनुपर्ने, धारा २२८
- स्थानीय तहले अनुसूची ८ को ४ नं. बुँदा बमोजिम देहायको कर लगाउने अधिकार हुने :

  - सम्पत्ति कर
  - घर बहाल कर
  - घर जग्गा रजिष्ट्रेशन शुल्क

- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- मालपोत संकलन ।

**ख. कानूनी व्यवस्था**

**(१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची ३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने, दफा ३
- अनुसूचि-३ बमोजिम कर तथा गैर कर देहाय बमोजिम हुने :

**(क) कर**

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- भूमि कर
- मनोरञ्जन कर
- विज्ञापन कर
- व्यवसाय कर

**(ख) गैर कर**

- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- दण्ड जरिवाना

## (२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- कानून बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन नपाउने, दफा ५४
- गाउँपालिका र नगरपालिकाले देहायका करहरु लगाउन पाउने व्यवस्था रहेको छ :
- सम्पत्ति कर, दफा ५५
- भूमिकर (मालपोत), दफा ५६
- घर जग्गा बहाल कर, दफा ५७
- व्यवसाय कर, दफा ५८
- बहाल बिटौरी शुल्क, दफा ५९
- पार्किङ्ग शुल्क, दफा ६०
- जडीबुटी, कवाडी र जीवजन्तु कर, दफा ६१
- सेवा शुल्क, दफा ६२
- प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाँट देहायानुसार रहेको छ, दफा ६४
- सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने, तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्नेछ,
- घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने,
- उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने,
- ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने ।

## ५. आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर

आ.व.२०७७/०७८ को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर अनुसूचि १ देखि १३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ६. आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजश्व रकम

आगामी आ.व.२०७७/०७८ का लागि अनुमानित कर तथा गैर कर राजश्व रकम देहायानुसारको तालिका बमोजिम हुनेछ ।

**आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम**

| क.सं. | राजस्वको क्षेत्रहरु | गत आ.व. ( २०७५/०७६) को यथार्थ रकम | आ.व. २०७६/०७७ को अनुमानित आम्दानी (रु.) | आ.व. २०७६/०७७ को बैशाख सम्मको यर्थाथ आम्दानी | आगामी आ.व.( २०७७/०७८) को अनुमान (रु.) | |
|---|---|---|---|---|---|---|
| १ | भूमिकर (मालपोत) | | ३०००००० | २४१०६७५ | | ३५००००० |
| २ | घर बहाल कर | | ५००००० | ४३५७०८ | | ७००००० |
| ३ | व्यवसाय कर | | ४०००००० | ३३५५३०० | | ४८००००० |
| ४ | परीक्षा शुल्क | | ५०,००० | ० | | ५०००० |
| ५ | सिफारिस दस्तुर | | ३०००००० | १९८४७४९ | | ४०००००० |
| ६ | व्यक्तिगत घटना दर्ता दस्तुर | | ३००००० | ४७,४०० | | ३००००० |
| ७ | नाता प्रमाणित दस्तुर | | ५००००० | १६१६७५ | | ५००००० |
| ८ | नक्सापास दस्तुर | | २५००००० | १३३,५३३ | | १०००००० |
| ९ | अन्य मनोरञ्जन कर | | ० | ० | | ५०००० |
| १० | पार्किङ शुल्क | | ० | ० | | ५०००० |
| ११ | बहाल बिटौरी कर | | १५००००० | ३१,२५० | | ० |
| १२ | सवारी  साधन कर (साना सवारी) | | १०००००० | ० | | ० |
| १३ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | १००००० | ० | | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | सम्पत्ति, बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | | १०००००० | ० | | ० |
| १५ | पर्यटन शुल्क | | १०००००० | ० | | ० |
| १६ | प्रशासनिक दण्ड जरिवाना र जफत | | ० | | | ५०००० |
| १७ | अन्य राजस्व | | ४,०००,००० | ११५३५० | | ४४००००० |
| | जडिबुटी, कवाडी र जीवजन्तु कर | | | | ५०००० | |
| | विज्ञापन कर | | | | ५०००० | |
| | प्राकृतिक स्रोत साधन उपयोग कर | | | | १५००००० | |
| | सडक मर्मत संभार शुल्क | | | | २००००० | |
| | अन्य विविध राजस्व | | | | २६००००० | |
| १८ | अन्य दस्तुर | | ५०,००० | १९६०५२० | | ६००००० |
| **जम्मा** | | १,२१,६२,२७६ | २२,५००,००० | १०,६३६,१६० | ४,४००,००० | २००००००० |

## ७. निष्कर्ष तथा सुझावहरु

**निष्कर्ष :**

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैर राजस्व पर्दछन् । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैनन् । नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संविधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐनद्वारा प्रदत्त आर्थिक अधिकारका आधारमा मात्र सालबसाली आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउन र उठाउन सक्दछन् । अतः उपर्युल्लिखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

**सुधारका लागि केही सुझावहरु :**

- कर असुलीमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्न कम्प्युटर विलिङ्ग प्रणालीको प्रयोग गर्ने । कर्मचारीहरुलाई राजश्व परिचालन सम्बन्धी क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- कर संकलनलाई सेवा प्रवाहसँग आबद्ध गर्ने । वडा कार्यालयहरुको क्षमता विकास गर्ने ।
- राजस्व सुधार कार्ययोजना (Revenue Enhancement Plan) तर्जुमा गरी लागू गर्ने ।
- आम नागरिकलाई कर तिर्ने बानीको विकास गर्न पालिको समृद्धिका लागि करको महत्व विषयक सचेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको आर्थिक अधिकारको अधिनमा रही गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सबै प्रकारका कर तथा गैर करको संभाव्यताको अध्ययन र विश्लेषण गरी क्रमश करको दायरा व्यापक बनाउँदै लैजाने ।
- सबै वडा कार्यालयमा सम्पत्ति कर लागू गर्ने र सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित बनाउने ।
- पूँजीको आधारमा वार्षिक व्यवसाय कर निर्धारण गर्ने ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई थप क्रियाशिल बनाउने ।
- राजश्व छलि र चुहावट नियन्त्रण गर्न नियमित अनुगमन गर्ने । आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाउने ।
- संकलन भएको राजश्वलाई समयमा नै (अर्को महिनाको सात गते भित्र) स्थानीय सञ्चितकोष खातामा दाखिला गर्न निर्देशन दिने । राजश्वको मासिक विवरण पठाउने ढाँचामा वडागत एकरुपता कायम गर्न सोको ढाँचा बनाई वडा कार्यालयहरुलाई पत्राचार गर्ने । गाउँपालिका भित्र संकलित सबै राजश्वलाई एकिकृत गरी मासिक एकीकृत राजश्व संकलनको विवरण तयार गर्ने ।

- गाउँपालिका भित्रका ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याउने । सोको लागि समयमा नै बोलपत्र आव्हान गर्ने ।
- गाउँपालिका भित्रका ५ कि.मि.भन्दा माथिका आन्तरिक सडकहरुमा चल्ने सवारी साधनहरुलाई सडक मर्मत संभार शुल्क लगाई करको दायरा बढाउने ।
- गाउँपालिका भित्रका  पार्क, भ्यू टावर, गुफा, पिकनिक स्पोर्ट, पर्यटकीय स्थलहरुलाई करको दायरामा ल्याउने ।

संयोजक श्री सगुन गुरुङ (गाउँपालिका उपाध्यक्ष)

सदस्य श्री युवराज अधिकारी (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य श्री बल बहादुर क्षेत्री (वडा अध्यक्ष, ९ नं. वडा कार्यालय)

सदस्य श्री कुमार प्रसाद गुरुङ (वडा अध्यक्ष, १० नं. वडा कार्यालय)

सदस्य श्री लक्ष्मी देवकोटा (कार्यपालिका सदस्य)

सदस्य श्री कमला के.सी (गाउँ सभा सदस्य)

सदस्य सचिव श्री वीरेन्द्र कुँवर (खरिदार, राजश्व शाखा)

स्थानीय राजश्व परामर्श समिति

अन्नपूर्ण गाउँपालिका, कास्की ।

मिति : २०७७/०३/०१

| अनुसूचि १ | | | |
|---|---|---|---|
| **भूमि कर (मालपोत)** | | | |
| क.सं. | भूमि कर (मालपोत) | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ को प्रस्तावित |
| | | दर रेट (रु.) | दर रेट (रु.) |
| १ | खेत तर्फ प्रति रोपनी | २५ | २५ |
| २ | पाखो तर्फ प्रति रोपनी | २० | २० |

| अनुसूचि २ | | | |
|---|---|---|---|
| **घर जग्गा बहाल कर** | | | |
| क.सं. | घर जग्गा बहाल कर | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ को प्रस्तावित |
| | | दर रेट (रु.) | दर रेट (रु.) |
| १ | सम्झौतामा उल्लेखित मासिक भाडा रकमको | १० प्रतिशत | १० प्रतिशत |

| अनुसूचि ३ | | |
|---|---|---|
| **जडिबुटी, कवाडी र जीवजन्तु कर** | | |
| क.सं | विवरण | आ.व. २०७७/०७८ को लागि प्रस्तावित दर (रु.) |
| १ | ऊन प्रति के.जी | १० |
| २ | खोटो प्रति क्विन्टल | ५०० |
| ३ | मृत जीवजन्तुको हाड प्रति क्विन्टल | २०० |
| ४ | मृत जीवजन्तुको सिङ प्रति क्विन्टल | २०० |
| ५ | मृत जीवजन्तुको प्वाख प्रति १० के.जी | १०० |
| ६ | मृत जीवजन्तुको छाला प्रति वर्ग फिट | १०० |
| ७ | हलुका कवाडी प्रति गाडी | ३००० |
| ८ | हेवी कवाडी प्रति गाडी | ५००० |
| ९ | यार्सागुम्बा लगायत स्वीकृत प्राप्त जडिबुटी संकलन प्रवेश शुल्क | स्थानीय : १५०० स्थानीय बाहेक : ५००० |
| १० | यार्सागुम्बा निकासी कर प्रति के.जी | १०००० |

| अनुसूचि ४ | | | | | |
|---|---|---|---|---|---|
| **व्यवसाय कर** | | | | | |
| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| १ | **व्यापारिक बस्तु** | | | | |
| १ | **मदिरा** | | | | |
| | मदिराको डिलर | | | ६००० | |
| | मदिराको थोक विक्रेता | | | ५००० | |
| | मदिराको खुद्रा विक्रेता | ४००० | | ४००० | |
| २ | **हल्का पेय पदार्थ** | | | | |
| | हल्का पेय पदार्थको डिलर | | | ३५०० | |
| | हल्का पेय पदार्थको थोक विक्रेता | | | २५०० | |
| | हल्का पेय पदार्थको खुद्रा विक्रेता | | | १५०० | |
| ३ | **पानी डिलर** | २००० | | २००० | |
| ४ | **सूर्तिजन्य पदार्थ** | | | | |
| | सूर्तिजन्य पदार्थको डिलर | | | ४००० | |
| | सूर्तिजन्य पदार्थको थोक विक्रेता | | | २००० | |
| | सूर्तिजन्य पदार्थको खुद्रा विक्रेता | | | १००० | |
| ५ | **ज्वलरी** | | | | |
| | ज्वलरी पसल क श्रेणी (थोक) | ३००० | | ३००० | |
| | ज्वलरी पसल ख श्रेणी (मर्मत/कालिगड) | १५०० | | १५०० | |
| ६ | **औषधि** | | | | |
| | औषधि खुद्रा पसल डाक्टर भएको | ५००० | | ५००० | |
| | औषधि खुद्रा पसल डाक्टर नभएको | ३००० | | ३००० | |
| | आयुर्वेदिक औषधि पसल | १००० | | २००० | |
| | एग्रोभेट पसल | १५०० | | २००० | |
| ७ | **स्टेशनरी तथा पुस्तक** | | | | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| | स्टेशनरी तथा पुस्तक थोक विक्रेता | २००० | | २००० | |
| | स्टेशनरी तथा पुस्तक खुद्रा विक्रेता | १५०० | | १५०० | |
| | मुद्रण सामाग्री खरिद बिक्री | | | २००० | |
| ८ | **डिपार्टमेन्ट स्टोर** | | | | |
| | डिपार्टमेन्ट स्टोर | ३००० | | ३००० | |
| | डिपार्टमेन्ट स्टोर मदिरा सहितको | ५००० | | ५००० | |
| ९ | **इलेक्ट्रोनिक्स** | | | | |
| | इलेक्ट्रोनिक्स सामानको थोक विक्रेता | | | ४५०० | |
| | इलेक्ट्रोनिक्स सामानको खुद्रा विक्रेता | ३००० | | ३००० | |
| | मोवाइल पसल | ३००० | | ३००० | |
| | अडियो भिडियो क्यासेट पसल | | | १५०० | |
| १० | **इलेक्ट्रीकल/विद्युतीय सामाग्री** | | | | |
| | इलेक्ट्रीकल सामानको थोक विक्रेता | | | ४००० | |
| | इलेक्ट्रीकल सामानको खुद्रा विक्रेता | | | ३००० | |
| ११ | **पुजा सामाग्री** | | | | |
| | पुजा सामाग्रीको थोक विक्रेता | | | २००० | |
| | पुजा सामाग्रीको खुद्रा विक्रेता | १००० | | १००० | |
| १२ | **फलफुल तथा तरकारी** | | | | |
| | फलफुल तथा तरकारीको थोक विक्रेता | | | ३००० | |
| | फलफुल तथा तरकारीको खुद्रा विक्रेता | २००० | | २००० | |
| १३ | **मासु/फ्रेस हाउस** | | | | |
| | मासुको थोक विक्रेता | | | ३००० | |
| | मासुको खुद्रा विक्रेता | २००० | | २००० | |
| १४ | **दुध र दुध जन्य पदार्थ** | | | | |
| | दुध र दुध जन्य पदार्थको थोक बिक्रेता | | | २००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| | दुध र दुध जन्य पदार्थको खुद्रा बिक्रेता | १००० | | १००० | |
| १५ | **खाद्यान्न तथा किराना पसल** | | | | |
| | खाद्यान्न सप्लायर्स | ३००० | | ३००० | |
| | किराना पसल | २००० | | २००० | |
| | भित्री सडकमा रहेका साना किराना पसल | १००० | | १००० | |
| १६ | आलु प्यास, लसुन, अदुवा थोक बिक्रेता | | | २००० | |
| १७ | **कस्मेटिक** | | | | |
| | कस्मेटिकको थोक विक्रेता | | | २५०० | |
| | कस्मेटिकको खुद्रा विक्रेता | १५०० | | १५०० | |
| १८ | **मोटर पार्टस** | | | | |
| | मोटर पार्टसको थोक विक्रेता | | | ६००० | |
| | मोटर पार्टसको खुद्रा विक्रेता | ४००० | | ४००० | |
| १९ | **लुब्रीकेसन पसल** | २००० | | २००० | |
| २० | **धागो टाँक फस्नर (बटन सप)** | | | | |
| | धागो टाँक फस्नरको थोक बिक्रेता | | | २००० | |
| | धागो टाँक फस्नरको खुद्रा बिक्रेता | | | १००० | |
| २१ | **हार्डवयर** | | | | |
| | हार्डवयर सामाग्रीहरुको थोक विक्रेता | | | ६००० | |
| | हार्डवयर सामाग्रीहरुको खुद्रा विक्रेता | | | ५००० | |
| २२ | **पेट्रोल पम्प** | ५००० | | १०००० | |
| २३ | **केरोसिन डिपो** | | | ५००० | |
| २४ | **इटा बालुवा डिपो** | | | ५००० | |
| २५ | **ग्यास सिलिण्डर** | | | | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| | ग्यास सिलिण्डरको डिलर वा सव डिलर | | | ३००० | |
| | ग्यास सिलिण्डरको खुद्रा विक्रेता | ३००० | | २००० | |
| २६ | **प्लाई तथा ग्लास** | | | | |
| | प्लाई तथा ग्लासको थोक बिक्रेता | | | ३००० | |
| | प्लाई तथा ग्लासको खुद्रा बिक्रेता | २००० | | २००० | |
| २७ | **भाँडा** | | | | |
| | भाँडाको थोक बिक्रेता | | | ४००० | |
| | भाँडाको खुद्रा बिक्रेता | ३००० | | ३००० | |
| २८ | **किटनाशक औषधि,मल तथा विउविजन** | | | | |
| | किटनाशक औषधि, मल तथा विउविजनको थोक बिक्रेता | | | ३००० | |
| | किटनाशक औषधि, मल तथा विउविजनको खुद्रा बिक्रेता | | | २००० | |
| २९ | **कपडा** | | | | |
| | कपडाको थोक बिक्रेता | | | ४००० | |
| | कपडाको खुद्रा बिक्रेता | ३००० | | ३००० | |
| | फेन्सी पसल | | | ३००० | |
| ३० | **जुत्ता, चप्पल** | | | | |
| | जुत्ता, चप्पलको थोक बिक्रेता | | | ३००० | |
| | जुत्ता, चप्पलको खुद्रा बिक्रेता | २००० | | २००० | |
| ३१ | **फ्लोरिङ तथा फर्निसिङ** | | | | |
| | फ्लोरिङ तथा फर्निसिङको थोक बिक्रेता | | | ४००० | |
| | फ्लोरिङ तथा फर्निसिङको खुद्रा बिक्रेता | ३००० | | ३००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| ३२ | **होम डेकोर पसल** | | | ३००० | |
| ३३ | **क्युरियो पसल** | ५००० | | ३००० | |
| ३४ | **गिफ्ट सामान विक्री पसल खेलौना समेत** | २००० | | २००० | |
| ३५ | आर्ट ग्यालरी | | | २००० | |
| ३६ | मिठाई पसल | | | १००० | |
| ३७ | चटपट पसल | | | १००० | |
| ३८ | बेतवास सामाग्री पसल | १००० | | १००० | |
| ३९ | फलाम कृषि औजार पसल | १००० | | १००० | |
| **२** | **सेवा व्यवसाय** | | | | |
| १ | निर्माण व्यवसाय (घ वर्ग) दर्ता | २५००० | | २५००० | |
| २ | निर्माण व्यवसाय (घ वर्ग) नविकरण | १०००० | | १०००० | |
| ३ | निर्माण व्यवसाय (घ वर्ग) नामसारी | | | २५००० | |
| ४ | टेलिफोन, मोवाइल, इन्टरनेट सेवा प्रदायक कम्पनी | १०००० | | १०००० | |
| ५ | ढुवानी सेवा | | | ५००० | |
| ६ | यातायात सेवा (ठुला सवारी) | | | ५००० | |
| ७ | यातायात सेवा (साना सवारी) | | | ३००० | |
| ८ | हेलिकप्टर सेवा दर्ता | १००००० | | १००००० | |
| ९ | हेलिकप्टर प्रति उडान | ३००० | | ३००० | |
| १० | ब्युटि पार्लर | २००० | | २००० | |
| ११ | मसाज ,साउना | | | २००० | |
| १२ | हेयर कटिङ शैलुन | १५०० | | १५०० | |
| १३ | पार्टी प्यालेस | ६००० | | ६००० | |
| १४ | टेन्ट हाउस | ३००० | | ३००० | |
| १५ | क्याटिरिङ्ग | | | ३००० | |
| १६ | टेन्ट हाउस र क्याटिरिङ्ग | | | ४००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| १७ | केवल च्यानल प्रशारण सेवा | ७५०० | | ७५०० | |
| १८ | मोवाइल टावर | | | १०००० | |
| १९ | इन्टरनेट | | | ५००० | |
| २० | एफ एम, रेडियो | | | ५००० | |
| २१ | फोटो स्टुडियो भिडियो समेत | २००० | | २००० | |
| २२ | कम्प्युटर डिजाइन सेवा | १००० | | १००० | |
| २३ | रेष्टुरा | | | १००० | |
| २४ | खाजा घर | १००० | | १००० | |
| २५ | चिया, कफि पसल | १००० | | १००० | |
| २६ | ड्राइभिङ इन्टिच्युट | ५००० | | ३००० | |
| २७ | सिलाई कटाई | १००० | | १००० | |
| २८ | सिलाई कटाई कपडा पसल सहित | २००० | | २००० | |
| २९ | पशु बध स्थल | २००० | | ३००० | |
| ३० | रियल स्टेट | | | ३००० | |
| ३१ | पुल हाउस | ३००० | | ३००० | |
| ३२ | जिम हाउस | | | २००० | |
| ३३ | टि.भी फ्रिज मर्मत सेन्टर | | | २००० | |
| ३४ | मोवाइल मर्मत सेन्टर | | | २००० | |
| ३५ | रेडियो घडी मर्मत सेन्टर | | | १००० | |
| ३६ | जुत्ता चप्पल मर्मत सेन्टर | | | १००० | |
| ३७ | मोटर साइकल वर्कसप | २००० | | २००० | |
| ३८ | गाडी वर्कसप | | | ४००० | |
| ३९ | इलेक्ट्रीसियन/प्लम्बिङ सेवा | | | २००० | |
| ४० | फलफूल तथा तरकारी संकलन तथा बजारीकरण केन्द्र | | | १००० | |
| ३ | **वित्तिय सेवा** | | | | |
| १ | वाणिज्य बैंकको प्रति शाखा कार्यालय | १०००० | | १५००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| २ | विकास बैंकको प्रति शाखा कार्यालय | ८००० | | १०००० | |
| ३ | वित्त कम्पनीको प्रति शाखा कार्यालय | ५००० | | ८००० | |
| ४ | लघुवित्त कम्पनीको प्रति शाखा कार्यालय | ३००० | | ५००० | |
| ५ | विमा कम्पनी प्रति शाखा कार्यालय | ५००० | | ४००० | |
| ६ | वित्तीय सहकारी प्रति शाखा कार्यालय | ३००० | | ३००० | |
| ७ | कृषि सहकारी | | | २००० | |
| ८ | मुद्रा सटही प्रति शाखा कार्यालय | | | २००० | |
| ४ | **शिक्षा सेवा** | | | | |
| १ | निजी माध्यामिक विद्यालय दर्ता | १०००० | | १०००० | |
| २ | निजी आधारभुत विद्यालय दर्ता | ८००० | | ८००० | |
| ३ | निजी पूर्व प्राथमिक विद्यालय दर्ता | ७००० | | ७००० | |
| ४ | मन्टेस्वरी तथा शिशु स्यार केन्द्र | | | ४००० | |
| ५ | भाषा प्रशिक्षण | | | ४००० | |
| ६ | कम्प्युटर तालिम केन्द्र | | | ४००० | |
| ७ | होस्टेल | | | ४००० | |
| ८ | कोचिङ सेन्टर | | | ३००० | |
| ५ | **स्वास्थ्य सेवा** | | | | |
| १ | क्लिनिक | | | ३००० | |
| २ | डेन्टल होम | | | ३००० | |
| ३ | प्याथोलोजी ( दिसा, पिसाव, रगत जाँच क्लिनिक | | | २००० | |
| ४ | फिजियोथेरापी | | | २००० | |
| ५ | एक्सरे क्लिनिक | | | २००० | |
| ६ | **विशेषज्ञ सेवा** | | | | |
| १ | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५००० | | ३००० | |
| २ | कानून व्यवसायी | २००० | | २००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| ३ | लेखापरीक्षण सेवा | २००० | | २००० | |
| ४ | अनुसन्धान तथा सेवा परामर्श दाता | २००० | | २००० | |
| ५ | विमा एजेन्ट | २००० | | २००० | |
| ६ | पशु चिकित्सक | २००० | | २००० | |
| ७ | चिकित्सक | | | ३००० | |
| ८ | सर्भेयर | | | २००० | |
| ९ | ज्योतिष सेवा | | | २००० | |
| १० | नोटरी पब्लिक अनुवादक | | | २००० | |
| ७ | **उद्योग** | | | | |
| क | **पर्यटन मूलक उद्योग** | | | | |
| १ | होटल, लज एण्ड रेष्टुरेन्ट (क श्रेणी -१० कोठा भन्दा बढी भएको) सबै वडा | ५००० | | ५००० | |
| २ | होटल, लज एण्ड रेष्टुरेन्ट (ख श्रेणी -४ कोठा देखि १० कोठा भन्दा बढी भएको) सबै वडा | ३००० | | ३००० | |
| ३ | होटल, लज एण्ड रेष्टुरेन्ट (ग श्रेणी -४ कोठा सम्म भएको) सबै वडा | २००० | | २००० | |
| ४ | होटल एण्ड रेष्टुरेन्ट | ३००० | | ३००० | |
| ५ | रिसोर्ट प्रति शाखा | १५००० | | १५००० | |
| ६ | होमस्टे दर्ता | व्यक्तिगत रु. १०००, ४ कोठासम्म सो भन्दा बढी भएमा रु.५००० | कार्यविधि अनुसार १० जना वा सो भन्दा बढी रु.१०१०० | १०००० (गण्डकी प्रदेश सरकारको होमस्टे संचालन कार्यविधि, २०७५ अनुसार) | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर ( रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| ७ | सामूहिक होमस्टे दर्ता अन्तर्गतको व्यक्तिगत होमस्टे व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर | | | १००० | |
| ८ | होमस्टे नविकरण | | | २००० | |
| ९ | कोयोकिङ | १००० | | १००० | |
| १० | क्यानोइङ्ग | २००० | | २००० | |
| ११ | ट्रेकिङ्ग | २००० | | २००० | |
| १२ | बन्जी जम्पिङ्ग | | | ५००० | |
| १३ | जिपफ्लायर | | | ५००० | |
| १४ | ऱ्याफ्टीङ्ग | | | १००० | |
| १५ | टुर एण्ड ट्राभल्स सेवा | | | २००० | |
| १६ | निजी जग्गामा पिकनिक स्पोर्ट दर्ता | २००० | | २००० | |
| ख | **कृषिमा आधारित उद्योग** | | | | |
| १ | कुटानी पेलानी मिल | २००० | | २००० | |
| २ | मसला चिउरा मिल | १००० | | २००० | |
| ३ | पाउरोटी, बेकरी, चाउमिन उद्योग | २००० | | २००० | |
| ४ | कृषि तथा पशुपंक्षी फर्म | १००० | | १००० | |
| ५ | डेरी | | | २००० | |
| ६ | शित भण्डार | | | २००० | |
| ७ | दाना उद्योग | | | २००० | |
| ८ | खाद्य प्रशोधन उद्योग | | | २००० | |
| ९ | सुकुटी उद्योग | | | २००० | |
| १० | अल्लो प्रशोधन उद्योग | | | ३००० | |
| ग | **उत्पादन मूलक उद्योग** | | | | |
| १ | छापाखाना | | | ३००० | |
| २ | प्लाई उड | | | ३००० | |
| ३ | ग्रील | ५००० | | ५००० | |
| ४ | कागज | १००० | | १००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| ५ | कापी | | | १००० | |
| ६ | व्लक | | | ५००० | |
| ७ | कटिङ ढुङ्गा | | | ५००० | |
| ८ | कपास | | | ३००० | |
| ९ | पानी | ५००० | | ५००० | |
| १० | सावुन | ४००० | | ४००० | |
| ११ | इटा | | | ५००० | |
| १२ | समिल, प्लाइउड फर्निचर उद्योग | ५००० | | ५००० | |
| १३ | क्रसर उद्योग | क वर्ग रु. ५०००००, ख वर्ग ४०००००, ग वर्ग रु.३००००० | गा.पा.ले निर्णय गर्ने | क वर्ग रु. ५०००००, ख वर्ग ४०००००, ग वर्ग रु.३००००० | |
| घ | घरेलु कुटीर उद्योग | १००० | | १००० | |
| ८ | **सावजनिक/पर्ती जग्गामा संचालित व्यवसाय** | | | | |
| १ | सार्वजनिक/पर्ती जग्गामा संचालित रिसोर्ट प्रति शाखा | ५०००० | | ५०००० | |
| २ | सार्वजनिक/पर्ती जग्गामा संचालित पार्टी प्यालेस | ३०००० | | ३०००० | |
| ३ | सार्वजनिक/पर्ती जग्गामा पिकनिक स्पोर्ट दर्ता | ५००० | | ५००० | |
| ४ | सार्वजनिक/पर्ती जग्गामा संचालित होटल,लज एण्ड रेष्टुरेन्ट (क श्रेणी १० कोठा भन्दा बढी भएको) वडा नं. ७,१० र ११ | ३०००० | | ३०००० | |

| क्र.सं. | व्यवसायको किसिम | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को लागि प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | वार्षिक कर (रु.) | कैफियत | वार्षिक कर (रु.) (दर्ता/नविकरण) | कैफियत |
| ५ | सार्वजनिक/पर्ती जग्गामा संचालित होटल,लज एण्ड रेष्टुरेन्ट (ख श्रेणी ४ देखि १० कोठासम्म भएको) वडा नं. ७,१० र ११ | १५००० | | २०००० | |
| ६ | सार्वजनिक/पर्ती जग्गामा संचालित होटल,लज एण्ड रेष्टुरेन्ट ( ग श्रेणी ४ कोठासम्म भएको र रेष्टुरेन्ट तथा साना व्यवसाय समेत)वडा नं. ७,१० र ११ | १०००० | | १०००० | |
| ७ | सार्वजनिक/पर्ती जग्गामा संचालित होटल,लज एण्ड रेष्टुरेन्ट (क श्रेणी १० कोठा भन्दा बढी भएको) वडा नं. ७,१० र ११ बाहेक बाँकी सबै वडा | | | १५००० | |
| ८ | सार्वजनिक/पर्ती जग्गामा संचालित होटल,लज एण्ड रेष्टुरेन्ट (ख श्रेणी ४ देखि १० कोठासम्म भएको) वडा नं. ७,१० र ११ बाहेक बाँकी सबै वडा | १५००० | | १०००० | |
| ९ | सार्वजनिक/पर्ती जग्गामा संचालित होटल,लज एण्ड रेष्टुरेन्ट ( ग श्रेणी ४ कोठासम्म भएको र रेष्टुरेन्ट तथा साना व्यवसाय समेत वडा नं. ७,१० र ११ बाहेक बाँकी सबै वडा | | | ५००० | |
| ९ | **माथि उल्लेख नभएका उद्योगको हकमा** | | | | |
| १ | ठूला उद्योग | १०००० | | १०००० | |
| २ | मझौला उद्योग | ६००० | | ६००० | |
| ३ | साना उद्योग | ३००० | | ३००० | |

| १०. उल्लेखित कर/शुल्क/दस्तुर असूल उपर गर्दा देहाय बमोजिम गरिनेछ। |
| --- |
| क. एक भन्दा बढी व्यवसाय सँगै संचालन भई सँगै दर्ता गरेमा मुख्य व्यवसायको वार्षिक कर (दर्ता/नविकरण) लाई मान्यता दिईनेछ र अतिरिक्त थप रु.१००० वार्षिक करमा जोडिनेछ। |
| ख. बक्यौता रकम र जरिवानाको हिसाव गर्दा चालु आ.व.को करको दररेटलाई आधार लिइनेछ। |
| ग. माथि उल्लेख नभएको व्यवसायको हकमा मिल्दो जुल्दो व्यवसायको वार्षिक कर वा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ। |
| घ. सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि तर्जुमा भई लागू नभएसम्मको लागि र आ.व.२०७६/०७७ सम्मको बक्यौता रकमका लागि सार्वजनिक/पर्ती जग्गामा संचालित व्यवसायहरुको लागि साविक बमोजिमकै व्यवसाय दर्ता कर लिइनेछ तथा सो कार्यविधि लागू भए पछि कार्यविधिमा व्यवस्था भए बमोजिम सार्वजनिक जग्गा उपयोग गरे बापतको सार्वजनिक जग्गा उपयोग दस्तुर/शुल्क र व्यवसाय दर्ता कर अन्य व्यवसाय सरह नै लिइनेछ। |

## अनुसूचि ४.१

## पटके व्यवसाय कर

| क्र.सं. | विवरण | आ.व.२०७७/०७८ को लागि प्रस्तावित दर (रु.) |
| --- | --- | --- |
| १ | लत्ता सामान गाडीबाट घुमाएर बेच्नेलाई प्रति दिन | १०० |
| २ | खाद्यान्न खुद्रा सामान गाडीबाट घुमाएर बेच्नेलाई प्रति दिन | १०० |
| ३ | आलु तरकारी सामान गाडीबाट घुमाएर बेच्नेलाई प्रति दिन | १०० |
| ४ | पोका/झोला सामान घुमाएर बेच्नेलाई प्रति दिन | २० |
| ५ | मोटर साइकलबाट सामान बेच्नेलाई प्रति दिन | ५० |
| ६ | राँगा भैंसी बंगुर प्रति गोटा | १०० |
| ७ | खसी बोका प्रति गोटा | ५० |
| ८ | हाँस कुखुरा पन्छी प्रति गोटा | १० |

| अनुसूचि ५ | | | | | |
|---|---|---|---|---|---|
| **सेवा शुल्क, दस्तुर** | | | | | |
| क.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| **सिफारिस/प्रमाणित** | | | | | |
| १ | व्यवसाय दर्ताको लागि सिफारिस | ५०० | | ५०० | कृषि र पशुपालन सम्बन्धी व्यवसाय दर्ता सिफारिस निशुल्क |
| २ | उद्योग दर्ताको लागि सिफारिस | ५०० | | ५०० | |
| ३ | संघ संस्था, समूह दर्ता/नविकरणको लागि सिफारिस | ३०० | | ३०० | |
| ४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र संशोधनका लागि वडा कार्यालयबाट गाउँपालिकामा अनुमति माग सिफारिस | | | निशुल्क | |
| ५ | व्यक्तिगत घटना दर्ता संशोधनका लागि गाउँपालिकाबाट वडा कार्यालयलाई अनुमति | ५०० | | ५०० | |
| ६ | व्यक्तिगत घटना दर्तासँग सम्बन्धित सिफारिस (नेपाली र अंग्रजी दुवै) | ३०० | | ३०० | |
| ७ | स्थाइ बसोवास सम्बन्धि सिफारिस | ३०० | | ३०० | |
| ८ | ट्राभल डकुमेन्ट सिफारिस | ५०० | | ५०० | |
| ९ | अदालतमा हकवाला सिफारिस | १००० | | १००० | |
| | **पेन्सन कार्ड वा सो सम्बन्धि सिफारिस** | | | | |
| १० | नेपाली संघ संस्थासँग सम्बन्धित | ३०० | प्रति चलानी | ३०० | प्रति चलानी |
| ११ | विदेशी संघ संस्थासँग सम्बन्धित | ५०० | | ५०० | |
| | **नागरिकता/नाबालक परिचय पत्र सम्बन्धि सिफारिस** | | | | |
| १२ | वंशजको नागरिकता सिफारिस | ३०० | | ३०० | |
| १३ | अंगिकृत नागरिकता सिफारिस | १००० | | १००० | |
| १४ | नागरिकताको प्रतिलिपि सिफारिस | ४०० | | ३०० | |
| १५ | नाबालक परिचय पत्र सिफारिस | | | ३०० | |
| | **जग्गा प्रशासनसँग सम्बन्धित सिफारिस** | | | | |

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| १६ | नामसारी सिफारिस | ५०० | | ५०० | |
| १७ | अपुताली सम्बन्धि सिफारिस | १००० | | १००० | |
| १८ | जग्गाधनी प्रमाण पुर्जामा विवरण संशोधन सिफारिस | | | ५०० | |
| १९ | जग्गाधनी प्रमाण पुर्जामा फोटो टाँस र नागरिकता नं कायम सिफारिस | | | ५०० | |
| २० | जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि सिफारिस | | | ५०० | |
| २१ | घर कायम सिफारिस | | | ५०० | |
| २२ | हकवाला संरक्षण सम्बन्धि सिफारिस | ५०० | | ५०० | |
| २३ | चार किल्ला सिफारिस | ५०० | प्रति कित्ता थप रु. १०० | ५०० | प्रति कित्ता थप रु. १०० |
| | **घर बाटो सिफारिस** | | | | |
| | **भूपी शेरचन राजमार्गको दायाँ बायाँ** | १००० | प्रति कित्ता थप रु. १०० र घर कायम समेत छ भने थप रु.५०० | | प्रति कित्ता बाटो मात्र सिफारिस थप रु. १०० र प्रति कित्ता घर बाटो दुवै सिफारिस थप रु.३०० |
| २४ | बाटो मात्र सिफारिस | | | १००० | |
| २५ | घर र बाटो दुवै सिफारिस | | | १५०० | |
| | **गा.पा. रिङरोड भित्री शाखा बाटाको दायाँ बायाँ** | ५०० | | | |
| २६ | बाटो मात्र सिफारिस | | | ५०० | |
| २७ | घर र बाटो दुवै सिफारिस | | | १००० | |
| | **मोटर बाटोमा नपर्ने सबै** | ३०० | | | |
| २८ | बाटो मात्र सिफारिस | | | ३०० | |
| २९ | घर र बाटो दुवै सिफारिस | | | ८०० | |
| | **रुख कटान अनुमतिका लागि सिफारिस** | | | | |
| ३० | निजी जग्गा/बनमा प्रति रुख | | | १०० | |
| ३१ | सामुदायिक बनमा प्रति रुख | | | २०० | |
| ३२ | सार्वजनिक बनमा प्रति रुख | | | २०० | |

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| | **विद्युत सम्बन्धि सिफारिस** | | | | |
| ३३ | विद्युत जडान सम्बन्धी सिफारिस घरयासी प्रयोजन ( जग्गाधनी प्रमाण पुर्जा पेश गर्नेको हकमा) | ३०० | जग्गाधनी प्रमाण पुर्जा नभएकोमा रु. ५०० | ३०० | |
| ३४ | विद्युत जडान सम्बन्धी सिफारिस घरयासी प्रयोजन ( अव्यवस्थित बसोबास) | | | ५०० | |
| ३५ | विद्युत जडान सम्बन्धि सिफारिस ( १५ एमपियर भन्दा माथि) | | | १५०० | |
| ३६ | निजी जग्गाको विद्युत पोल सार्ने सम्बन्धी सिफारिस प्रति पोल | | | ३०० | |
| ३७ | विद्युत मिटर स्थानान्तरण सम्बन्धी सिफारिस | | | ३०० | |
| ३८ | टेलिफोन जडान सम्बन्धि सिफारिस | | | ३०० | |
| ३९ | धारा जडान सम्बन्धि सिफारिस | | | ३०० | |
| ४० | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धि नामसारी सिफारिस | ३०० | | ३०० | |
| ४१ | चारित्रिक सिफारिस | ३०० | विद्यार्थीलाई रु. १५० | ५०० | विद्यार्थीलाई रु. ३०० |
| ४२ | छात्रबृति सम्बन्धि सिफारिस | निशुल्क | | निशुल्क | |
| ४३ | अपाङ्गता, सामाजिक सुरक्षा भत्ता, सार्वजनिक सरोकार सम्बन्धी सिफारिस | | | निशुल्क | |
| ४४ | नाता प्रमाणित | ३०० | अंग्रेजी रुपान्तरण थप रु.५०० | ३०० | |
| ४५ | अविवाहित प्रमाणित | ५०० | | ५०० | |
| ४६ | कर चुक्ता प्रमाणपत्र | ५०० | | ५०० | |
| | **आयस्रोत प्रमाणित** | न्यूनतम रु. ५०० , थप प्रति लाख रु.२०० | | | |

| क.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| ४७ | स्वदेशी प्रयोजनका लागि आयस्रोत प्रमाणित | | | न्यूनतम ५ लाख सम्म रु. ५०० , थप प्रति लाख रु.१०० | |
| ४८ | विदेशी प्रयोजनका लागि आयस्रोत प्रमाणित | | | न्यूनतम १० लाख सम्म रु. १००० , थप प्रति लाख रु.२०० | |
| ४९ | ठेगाना प्रमाणित (नेपाली र अंग्रेजी दुवै) | | | ३०० | |
| ५० | अन्य साधारण सिफारिस | ३०० | | ३०० | |
| ५१ | **धितो मूल्यांकन दस्तुर** | | | प्रमाणित धितो रकमको प्रति हजार रु.१ | |
| ५२ | अंग्रेजी रुपान्तरण सबै कागजात | ५०० | | सम्बन्धित दररेटमा थप रु. ५०० | |
| | **सर्जमिन शुल्क** | ५०० | | | |
| ५३ | सर्जमिन मुचुल्का प्रमाणीकरण शुल्क ( वडा कार्यालयको तर्फबाट काम तामेली गर्नुपर्ने बाहेक) | | | ३०० | |
| ५४ | वडा कार्यालयको तर्फबाट काम तामेली गर्नुपर्ने सर्जमिन मुचुल्का शुल्क | | | ५०० | |
| ५५ | छाप दस्तुर प्रति कागजात | ३०० | | ३०० | |
| ५६ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५० | ३५ दिन पश्चात | ५० | ३५ दिन पश्चात |
| | **भरुवा बन्दुक नविकरण दस्तुर** | | | | |
| ५७ | जिल्लाभर | ५०० | | ५०० | |
| ५८ | नेपाल भर | १००० | | १००० | |

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| | **सरुवा/सरुवा सहमति** | | | | |
| ५९ | गाउँपालिका भित्र सरुवा शुल्क | | | ५०० | |
| ६० | जिल्ला भित्र सरुवा सहमति | | | १००० | |
| ६१ | जिल्ला बाहिर सरुवा सहमति | २००० | | २००० | |
| | **निजी विद्यालय सञ्चालन अनुमति** | | | | |
| ६२ | कक्षा १ सम्म | ३००० | | ५००० | |
| ६३ | कक्षा ६ सम्म | ५००० | | १०००० | |
| ६४ | कक्षा ९ सम्म | ७००० | | १५००० | |
| ६५ | कक्षा ११ सम्म | १०,००० | | २५,००० | |
| ६६ | थप कक्षा सञ्चालन अनुमति प्रति कक्षा | २००० | | २००० | |
| | **शिक्षक नियुक्ति अभिलेखीकरण** | | | | |
| ६७ | प्रा.वि | ७०० | | ५०० | |
| ६८ | नि.मा.वि | १००० | | ७०० | |
| ६९ | मा.वि | १५०० | | १००० | |
| | **औषधी उपचारको लागि ल्याएका पशुपंक्षीहरुको दर्ता शुल्क** | | | | |
| ७० | ठुलो पशु | २० | गाई, भैसी,गोरु, घोडा, खच्चड, चौरी, आदि प्रति पशु | २० | गाई, भैसी,गोरु, घोडा, खच्चड, चौरी, आदि प्रति पशु |
| ७१ | सानो पशु | ५ | बाखा, बंगुर, भेडा,च्याङग्रा,आदि प्रति पशु | ५ | बाखा, बंगुर, भेडा,च्याङग्रा,आदि प्रति पशु |
| ७२ | घरपालुवा जनावर | ५० | कुकुर, बिरालो, आदि प्रति पशु | ५० | कुकुर, बिरालो, आदि प्रति पशु |
| ७३ | पंक्षी | १ | कुखुरा, हाँस, टर्कि, परेवा आदि प्रति पंक्षी | १ | कुखुरा, हाँस, टर्कि, परेवा आदि प्रति पंक्षी |
| ७४ | कन्सुलर प्रमाणित | ५०० | प्रति कागजात | ५०० | प्रति कागजात |

| क.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| ७५ | प्लटिङ सेवा शुल्क | मालपोत मुल्यांकन को ०.१ % | | भूमिकर ( मालपोत) मुल्यांकनको ०.१ % | |
| ७६ | परीषा सम्बन्धी दरखास्त फाराम शुल्क र परीक्षा दस्तुर | लोकसेवा आयोगले तोके बमोजिम | | लोकसेवा आयोगले तोके बमोजिम | |
| ७७ | एक्साभेटर सञ्चालन अनुमति प्रति दिन | १००० | | १००० | सो सम्बन्धी वडा कार्यालयको सिफारिस दस्तुर निशुल्क |
| ७८ | जे.सि.वि. सञ्चालन अनुमति प्रति दिन | ५०० | | ५०० | |
| ७९ | जग्गा नाप जाँच शुल्क (अमिन सेवा शुल्क) | | | २००० | थप प्रति कित्ता रु.५०० |
| ८० | संघ सस्था, समूह दर्ता दस्तुर | १००० | | १००० | |
| ८१ | संघ संस्था, समूह नविकरण दस्तुर | ५०० | | ५०० | |
| ८२ | संघ संस्था, समूहको प्रमाणपत्रको प्रतिलिपि दस्तुर | | | ५०० | |
| ८३ | संघ संस्था, समूहको प्रमाणपत्रको संशोधन प्रतिलिपि दस्तुर | | | ८०० | |
| ८४ | सहकारी दर्ता दस्तुर | | | ३००० | |
| ८५ | कृषि सहकारी दर्ता दस्तुर | | | २००० | |
| ८६ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर | | | ५०० | |
| ८७ | व्यवसाय दर्ताको संशोधित प्रतिलिपि दस्तुर | | | ८०० | |
| ८८ | व्यवसाय नामसारी दस्तुर | | | दर्ता कर बमोजिम | |
| ८९ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर गाउँपालिकामा | ३०० | | ३०० | |

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| ९० | मिलापत्र दस्तुर प्रति पक्ष | ५०० | आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको हकमा न्यायिक समितिका संयोजकको तोक आदेशमा निशुल्क सेवा प्रदान गर्न सकिने | ५०० | आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको हकमा न्यायिक समितिका संयोजकको तोक आदेशमा निशुल्क सेवा प्रदान गर्न सकिने |
| ९१ | न्यायिक समितिमा उजुरी/विवाद निवेदन दर्ता दस्तुर | | | १०० | आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको हकमा न्यायिक समितिका संयोजकको तोक आदेशमा निशुल्क सेवा प्रदान गर्न सकिने |
| ९२ | न्यायिक समितिको मुद्धाको फैसला तथा निर्णय उतार दस्तुर | | | ५०० | |
| ९३ | हाइड्रोपावर सम्बन्धी अनुमति | १०००० | | २५००० | |
| ९४ | माछा मार्ने अनुमति | | | १००० | |
| | **घरधुरी दर्ता शुल्क** | | | | |
| ९५ | पक्की घर | | | २००० | |
| ९६ | अर्ध पक्की घर | | | १००० | |
| ९७ | कच्ची घर | | | ५०० | |
| ९८ | होमस्टे दर्ता निवेदन दस्तुर | १०० | | १०० | |
| ९९ | उल्लेखित शीर्षकहरु बाहेकका अन्य विषयमा | | | गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । | |

## अनुसूचि ६

### नक्सापास दस्तुर

| क्र.सं | भौतिक संरचनाको विवरण | प्रस्तावित घर नक्सा दस्तुर प्रति वर्ग फुट (रु.) | | | |
|---|---|---|---|---|---|
| | | क | ख | ग | घ |
| १ | आर.सि.सि.फ्रेम स्टक्चर | | | | |
| क | पूर्ण भूमिगत तला | १० | ६ | ५ | ४ |
| ख | अर्ध भूमिगत तला | | | | |
| ग | जमिन तला | | | | |
| घ | पहिलो तला | | | | |
| ङ | दोस्रो तला | | | | |
| च | तेस्रो तला | | | | |
| छ | चौंथो तला | | | | |
| २ | सिमेन्टको जोडाइमा इटा वा ढुङ्गाको गाह्रो-न्यूनतम २३ से.मी. मोटाइ र ढुङ्गा वा जस्तापाता छाना भएको | ४ | ३ | २ | १ |
| ३ | माटोको जोडाइमा इटा वा ढुङ्गाको गाह्रो-न्यूनतम २३ से.मी.मोटाइ र ढुङ्गा वा जस्तापाता छाना | ४ | ३ | २ | १ |

## अनुसूचि ६.१

### नक्सापास किताब, अभिलेखीकरण किताब, घर अभिलेखीकरण, नक्सापास नामसारी तथा नक्सापास संशोधन दस्तुर

| क्र.सं. | विवरण | आ.व.२०७६/०७७ को दस्तुर (रु.) | आ.व. २०७७/०७८ को प्रस्तावित दर रेट (रु.) |
|---|---|---|---|
| १ | भवन निर्माण दरखास्त फाराम (नक्सापास किताब) | ६०० | ६०० |
| २ | भवन निर्माण दरखास्त फाराम (अभिलेखीकरण किताब) | १२०० | १२०० |
| ३ | नक्सापास नामसारी दस्तुर | १००० | १००० |
| ४ | नक्सापास संशोधन दस्तुर | १००० | १००० |
| ५ | बनि सकेको आर.सि.सि फ्रेम स्टक्चरको घरको अभिलेखीकरण दस्तुर | नक्सापास दस्तुरको दोब्बर | नक्सापास दस्तुर बराबर |
| ६ | बनि सकेको ढुङ्गा माटोको घरको अभिलेखीकरण दस्तुर | | १००० |

## अनुसूचि ७

## विज्ञापन कर

| क.सं | विवरण | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ को प्रस्तावित | |
|---|---|---|---|---|---|
| | | दर (रु.) | कैफियत | दर (रु.) | कैफियत |
| १ | होर्डिङ बोर्ड प्रति वर्ग फिट | ७० | | १०० | प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ। |
| २ | डिजिटल बोर्ड प्रति वर्ग फिट | ८० | | १२० | |
| ३ | वाल पेन्टिङ प्रति वर्ग फिट | ५० | | ५० | |
| ४ | तुल व्यानर प्रति गोटा एक हप्ता सम्म | ५० | | १०० | |
| ५ | तुल व्यानर प्रति गोटा एक हप्ता भन्दा बढी ( कार्यक्रम अवधिभर) | १०० | | २०० | |

## अनुसूचि ८

## मनोरञ्जन कर

| क.सं | विवरण | आ.व. २०७६/०७७ को दर (रु.) | आ.व. २०७७/०७८ को प्रस्तावित दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | जादु, सर्कस, चटक आदिमा प्रति दिन | | ५०० | प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ। |
| २ | फिल्म सुटिङ प्रति दिन | | १००० | |
| ३ | व्यवसायिक भिडियो कर प्रति दिन | | १०० | |
| ४ | पर्व तथा मेलामा प्रति स्टल प्रति दिन | | १०० | |
| ५ | पर्व तथा मेला कर (आयोजकबाट) | | १००० | |
| ६ | क्यानोइङ्ग प्रति व्यक्ति प्रति दिन | | २० | |
| ७ | र्‍याफ्टीङ्ग /कोयोकिङ प्रति व्यक्ति प्रति दिन | | २० | |
| ८ | बन्जी जम्पिङ्ग प्रति व्यक्ति प्रति दिन | | २० | |
| ९ | पिकनिक स्पोर्ट दैनिक शुल्क | ५०० | ५०० | |

## अनुसूचि ९

## पार्किङ शुल्क

| क.सं | विवरण | आ.व. २०७७/०७८ को लागि प्रस्तावित प्रति दिन दर (रु.) |
|---|---|---|
| १ | ठूला सवारी साधन | २० |
| २ | साना सवारी साधन | १० |
| ३ | मोटर साइकल | ५ |

| अनुसूचि १० | | |
|---|---|---|
| **सडक मर्मत संभार शुल्क** | | |
| **क्र.सं** | **विवरण** | **आ.व. २०७७/०७८ को प्रस्ताति दर (रु.)** |
| १ | ट्रक लहरी | १०० |
| २ | मिनी बस, ट्रक, ६ पांग्रे बस | ८० |
| ३ | मिनी बस, ट्रक, ४ पांग्रे बस | ५० |
| ४ | भाडाको कार, जिप | ३० |
| ५ | निजी कार, भ्यान, जिप, पिकप | ५० |
| ६ | ट्याक्टर ठूलो ४० हर्स पावर माथि | ५० |
| ७ | ट्याक्टर सानो ४० हर्स पावर तल | ४० |
| ८ | विदेशी बस, मिनी बस, ट्रक | २०० |
| ९ | विदेशी लहरी ६ पांग्रे बढी | ३०० |
| १० | विदेशी निजी कार, भ्यान, जिप | २०० |
| ११ | एक्साभेटर, जे.सि.वि | ५०० |
| १२ | ब्यकहो लोडर | ३०० |

| अनुसूचि ११ | | | | |
|---|---|---|---|---|
| **प्राकृतिक स्रोत साधन उपयोग कर** | | | | |
| **क्र.स.** | **विवरण** | **आ.व. २०७६/०७७ को दर (रु.)** | **आ.व. २०७७/०७८ को प्रस्तावित दर (रु.)** | **कैफियत** |
| १ | गिटी, ढुङ्गा प्रति घन मिटर | १७० | १७० | प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ । |
| २ | बालुवा प्रति घन मिटर | १५० | १५० | |
| ३ | कटिङ ढुङ्गा (घरको भित्तामा टास्ने) प्रति घन मिटर | २०० | २०० | |
| ४ | छपनी सादा ढुङ्गा प्रति घन मिटर | २०० | २०० | |
| ५ | ग्रावेल प्रति घन मिटर | | १२० | |
| ६ | माटो प्रति घन मिटर | | ५० | |
| ७ | नदी खोलाले बगाएर ल्याएको काठ, दाउरा, आदि प्रति के.जी | | १५ | |

| अनुसूचि १२ | | | | |
|---|---|---|---|---|
| **कर छुट** | | | | |
| **क्र.सं** | **विवरण** | **छुट दिइने करका क्षेत्र** | **पुष्टाई/उद्धेश्य** | **प्रस्तावित छुटको प्रतिशत** |
| १ | आ.ब. २०७४/०७५ देखि २०७६/०७७ सम्मको जम्मा बक्यौता रकममा लाग्ने जरिवाना (दर्ता नभएका व्यवसायका लागि मात्र) | व्यवसाय कर | गाउँपालिका भित्र सञ्चालित गाउँपालिकामा दर्ता नभएका सबै व्यवसायहरुलाई करको दायरामा ल्याउने | १०० |
| २ | आ.व. २०७६/०७७ को बक्यौता रकममा लाग्ने जरिवाना | व्यवसाय कर | कोभिड १९ का कारण लकडाउनले पर्यटन व्यवसाय तथा अन्य व्यापार व्यवसाय संचालन नभएकोले | १०० |
| ३ | अपाङ्गता भएका व्यक्ति, एकल तथा विधवा महिलाले जुनसुकै प्रकारको व्यवसाय संचालन गर्दा | व्यवसाय कर | जीविकोपार्जनमा थप सहयोग गर्ने तथा आत्मनिर्भर बन्नको लागि थप हौसला प्रदान गर्ने | ५० |
| **यस आर्थिक ऐन बमोजिम कर तिर्ने दायित्व भएका अनुसूचि १२ बाहेकका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइने छैन ।** | | | | |

| अनुसूचि १३ | | | |
|---|---|---|---|
| **दण्ड जरिवाना** | | | |
| क्र.सं | विवरण | आ.व.२०७६/०७७ को जरिवाना दस्तुर ( रु.) | आ.ब. २०७७/०७८ को लागि प्रस्तावित जरिवाना दस्तुर ( रु.) |
| १ | गाउँपालिकामा बुझाउनु पर्ने बक्यौता कर रकमको भूमिकर(मालपोत)नबुझाएमा | २० प्रतिशत | २० प्रतिशत |
| २ | व्यवसाय कर विगत वर्षहरुको बक्यौतामा तिर्न बाँकी भएमा बक्यौता रकममा (आ.व. २०७६/०७७ को व्यवसाय कर र गाउँपालिकामा दर्ता नभएका व्यवसायहरु बाहेक) | २० प्रतिशत | २० प्रतिशत |
| ३ | विगत आ.ब.को बक्यौता घर बहाल करमा | २० प्रतिशत | २० प्रतिशत |
| ४ | विभिन्न संघ संस्था, समूहहरु नविकरण गर्न समयमा नआएमा | २० प्रतिशत | २० प्रतिशत |
| ५ | विना अनुमति नदीमा माछा मार्नेलाई | | ५०० |
| ६ | नदीमा विष राख्ने तथा करेन्ट लगाउने | | १०००० |
| ७ | अनुमति नलिई प्लटिङ गरेमा ५ रोपनीसम्म | | ५०००० |
| ८ | अनुमति नलिई प्लटिङ गरेमा ५ रोपनी भन्दा बढी | | १००००० |
| ९ | निषेधित क्षेत्रमा फलफुल, ठेलागाडा, तरकारी, घुम्ती पसल, प्रचार बोर्ड र अन्य साना व्यवसाय संचालन गरेमा | | सामान जफत सहित रु.१००० |
| १० | निषेधित क्षेत्रमा निर्माण सामाग्री राखी अठचालिस घण्टा भित्र नहटाएमा | | १००० |
| ११ | सार्वजनिक स्थानमा विभिन्न प्रकारका फोहर मैला फालेमा | | फोहोर मैला व्यवस्थापन ऐन २०६८ र सोको नियमावली, २०६९ बमोजिम |
| १२ | छतको पानी, बाथरुमको पानी, किचनको पानी सार्वजनिक स्थानमा फालेमा | | १००० |
| १३ | नक्सापास स्वीकृत विना घर बनाएमा प्रति वर्ग फिट | | |
| १३.१ | आर.सि.सि. फ्रेम स्टक्चर | थप रु. ५ प्रति वर्ग फिट | नक्सापास दस्तुरमा थप रु. ५ प्रति वर्ग फुट |
| १३.२ | ब्लक, ढुङ्गा माटोको जोडाइमा, अस्थायी र अन्य संरचनाको लागि | | नक्सापास दस्तुरमा थप रु. १ प्रति वर्ग फुट |
| १४ | अनुमति विना खानीजन्य ढुङ्गा उत्खनन् गरेमा | | ५००० |
| १५ | नदीजन्य ढुङ्गा, गिटी, बालुवा, चोरी निकासी प्रति घन मिटर | | सामान जफत सहित रु.३००० |
| १६ | विना इजाजत मेशिनरी औजार तथा स्काभेटर, जेसिभि सार्वजनिक जग्गामा प्रयोग गरेमा प्रति दिन | | ५००० |
| १७ | विना इजाजत मेशिनरी औजार तथा स्काभेटर, जेसिभि व्यक्तिगत जग्गामा प्रयोग गरेमा प्रति दिन | | २००० |
| १८ | यसमा उल्लेखित बाहेक अन्य विषयका सम्बन्धमा | | प्रचलित ऐन नियम र गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । |